## नेपाल चिकित्सक संघ (NMA) र नेपाल आहारपुरक सौन्दर्यबर्द्धक संघ (NNCA) बिच व्यवसाहिक र संस्थागत हक हितकोलागि समझदारी पत्र।

**Memorandum of Understanding (MoU)**

**पक्षः** काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १० स्थित स्थायी कार्यालय रही नेपालमा आहारपुरक र सौन्दर्यबर्द्धक सामग्रीहरु आयात र बजारीकरण गर्ने व्यवसायीहरुको हकहितको लागि स्थापित साझा संस्था नेपाल आहारपुरक सौन्दर्यबर्द्धक संघ (Nepal Nutraceuticals Cosmeceuticals Association, NNCA) प्रथम पक्ष (यस पछि NNCA भनिने) र काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २८ प्रदर्शनीमार्ग स्थित केन्द्रीय कार्यालय स्थापना गरि नेपालमा कार्यरत चिकित्सकहरुको पेशागत हकहितको रक्षाका लागि स्थापित नेपाल चिकित्सक संघ (Nepal Medical Association, NMA) दोस्रो पक्ष (यस पछि NMA भनिने) विच निम्नानुसारका बुँदाहरुमा सहमत भई समझदारी पत्रमा हस्ताक्षर गरियो।

**उद्देश्यः** आम उपभोक्ता तथा विरामीहरुलाई पोषण तत्वको अभावले गर्दा विविध जटिल किसिमका रोग लाग्न सक्ने र त्यसलाई रोकथाम गर्नका लागि Nutraceuticals and Cosmeceuticals Products को उपयोगले विशेष योगदान तथा नियन्त्रण गर्न सहयोग पुग्ने र यसको महत्व विश्वव्यापी रुपमा बढिरहेको परिपेक्ष्यमा नेपालमा पनि यसको आवश्यकता र महत्व आम जनसमुदाय तथा उपभोक्ताहरुमा पुऱ्याउनु र संस्थागत हक हितको पक्षमा सहकार्य र समन्वय गर्ने रहेको छ।

**सर्तहरुः** १) यो MOU दुबै पक्ष विचका आधिकारिक अधिकृत प्रतिनिधि ज्यूहरुले हस्ताक्षर गरी विधिवत रूपमा कार्यान्वयन भएको दिन र मितिदेखि लागू हुनेछ।

Nepal Nutraceuticals Cosmeceuticals Association
NNCA
★ Estd. 2080 ★

जिम्मेवारीहरुः

१) NMA र NNCA विचमा संस्थागत समन्वय तथा सहकार्य गर्ने।

२) दोस्रो पक्षले आयोजना गर्ने कार्यक्रमहरुमा प्रथम पक्षले समन्वय तथा सहकार्य गर्ने।

३) दुबै पक्षको व्यवसायीक तथा पेशागत हक हितका लागि समन्वय र सहकार्य गर्ने।

४) Nutraceuticals and Cosmeceuticals Product हरुको महत्व, प्रयोग तथा यसको प्रभाव को विषयमा दुबै पक्ष विच समन्वय तथा सहकार्य गरेर कार्यक्रमहरु संचालन तथा उपयोगको जानकारी गराउने।

५) प्रथम पक्षले नेपाल सरकारको कानुनको परिधि भित्र रहेर उपभोक्ताको स्वास्थ्यलाई ख्याल गरि गुणस्तरिय सामानहरुको आयात तथा वजारिकरण गर्ने।

हस्ताक्षरः जसको साक्षीमा, दुबै पक्षका आधिकारिक अधिकृतहरुले यस MOU मा रहेका सर्त तथा बुँदाहरुलाई पढेर बुझेर पूर्ण रुपमा कार्यन्वयन गर्न सहमती भई तल उल्लेखित मिति र दिनबाट लागु गर्न हस्ताक्षर गरि लिने दिने गरियो।

| | |
|---|---|
| ................................. | ................................. |
| बिप्लव रन्जित | डा. अनिल बिक्रम कार्की |
| अध्यक्ष | अध्यक्ष |
| नेपाल आहारपुरक सौन्दर्यबर्द्धक संघ | नेपाल चिकित्सक संघ |
| साक्षी | साक्षी |
| ................................. | ................................. |
| १. सुरज पौडेल, महासचिव | १. डा. संजिव तिवारी, महासचिव |

ईति सम्वत् २०८१ साल वैशाख २८ गते रोज शुभम्.................................।

NEPAL MEDICAL ASSOCIATION
UNITY FRATERNITY

Nepal Nutraceuticals Cosmeceuticals Association ★ ESTD. 2080